# राधा उपन्यासमा नारी प्रतिनिधित्व

डा. दीपकप्रसाद न्यौपाने

महेन्द्र बहुमुखी क्याम्पस, धरान, त्रिवि, नेपाल।

Email : tu.deepak31@gmail.com

**सार**

*कृष्ण धरावासीको राधा उपन्यासमा नारी चरित्रको प्रतिनिधित्व अध्ययनमा केन्द्रित प्रस्तुत लेख गुणात्मक अनुसन्धान ढाँचामा आधारित रहेको छ। यसमा सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ भने उक्त सामग्रीको सूक्ष्म पठन तथा अर्थापन विधिका माध्यमबाट विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ। यस लेखमा सांस्कृतिक अध्ययनका क्षेत्रमा प्रभाव पार्न सफल नारीवादी अध्ययनअन्तर्गतको प्रतिनिधित्वसम्बन्धी मान्यतालाई मुख्य सैद्धान्तिक आधार बनाइएको छ। नारीवादी अध्ययनमा पितृसत्तात्मक समाजको दमनमा परेका नारीहरूको वस्तुस्थितिको अध्ययन गरी नारी वर्गमा त्यसको केकस्तो प्रभाव परेको छ भन्ने कुरा हेरिन्छ। सीमान्तीकृत नारीहरूको अवस्थाको विश्लेषणलाई अहिले सांस्कृतिक अध्ययनले आफ्नो उर्वर क्षेत्र बनाएको छ। यस लेखमा राधा उपन्यासमा नारी पात्रहरूलाई केकसरी कुन रूपमा प्रतिनिधित्व गराइएको छ भन्ने कुरालाई नै विश्लेषण गरिएको छ। यस अध्ययनबाट कृष्ण धरावासीको राधा उपन्यासमा महाभारतका नारी चरित्रहरूको विनिर्माण गरी तिनीहरूलाई पितृसत्तात्मक समाजमा पुरुषका शोषण तथा दमनबाट प्रताडित भई जीवन निर्वाह गर्न बाध्य चरित्रका रूपमा प्रतिनिधित्व गराइएको निष्कर्ष प्राप्त भएको छ। पुरुषप्रधान समाजमा नारीले भोग्नुपरेका पीडा र नारीविद्रोहलाई प्रस्तुत गर्ने उद्देश्य राखेर यस कृतिको निर्माण गरिएको हुनाले यहाँ नारीले भोग्नुपरेका पीडा र दासतालाई मुख्य रूपमा देखाउन खोजिएको सारवस्तु अभिव्यक्त भएको छ।*

**मुख्य शब्दावली :** प्रतिनिधित्व, पहिचान, प्रभुत्व, विनिर्माण, सांस्कृतिक अध्ययन।

## विषयपरिचय

राधा (२०६२) कृष्ण धरावासी (२००७) को प्रकाशन क्रमका दृष्टिले तेस्रो उपन्यास हो। यसअघि उनका शरणार्थी (२०५६) र आधा बाटो (२०५९) दुईओटा उपन्यास प्रकाशित भइसकेका छन्। पुराना उपन्यासका पात्रहरूको पुनर्लेखन गरी शरणार्थी उपन्यासमार्फत औपन्यासिक यात्रा आरम्भ गरेका धरावासी लीलालेखनको चिन्तन र नवीन प्रयोगमा रुचि राख्ने उपन्यासकारका रूपमा परिचित छन्। शरणार्थी र राधा दुवै उपन्यासले यस प्रवृत्तिलाई निरन्तरता दिएका छन्। यसपछि उनका आधा बाटो (२०६४), पाण्डुलिपि, टुँडाल (२०६५) गेष्टापो (२०७०) र तल्लो बाटो (२०७४) उपन्यासहरू प्रकाशित छन्। परम्पराभन्दा केही भिन्न शैलीमा उपन्यास लेख्ने धरावासीले उनको पहिलो उपन्यास शरणार्थी

(२०५६) कै ढाँचामा राधा उपन्यास रचना गरेको पाइन्छ । शरणार्थी उपन्यासमा इन्द्रबहादुर राईद्वारा त्यसै छोडिएकी जयमायाको जीवनको उत्तरार्धलाई जसरी प्रस्तुत गरिएको छ, राधा उपन्यासमा पनि व्यासद्वारा कुमारी अवस्थामा ब्रजमा अलपत्र अवस्थामा छाडिएकी राधाको जीवनको पछिल्लो अवस्थालाई प्रस्तुत गरिएको छ । पुराणबाट विषयवस्तु लिए पनि यहाँ पुराणअनुसारको कथानक छैन । राधा र कृष्ण पुराणका पात्र भए पनि यहाँ तिनीहरूको विनिर्माण गरिएको छ। कृष्ण र राधा यहाँ दैवी पात्रका रूपमा नरही मानव चरित्रका रूपमा देखा परेका छन्। यसमा परम्पराले ईश्वरीय शक्ति प्रदान गरेको कृष्णलाई स्वाभाविक मानवीय गुण प्रदान गरी उनका चामत्कारिक कार्यहरूलाई वर्तमान समयसापेक्ष पुनर्लेखन गरिएको देखिन्छ (जीवन्त, २०८१) । उपन्यासकारकै भाषामा भन्ने हो भने यस उपन्यासमा पौराणिक युगलाई वर्तमान समयको चेतना भरेर नयाँ बनाउन खोज्दा पुराणका देवताहरू साधारण मानिसका रूपमा देखा परेका छन् । यहाँ समयको विनिर्माण गरी युगीन यथार्थलाई सन्दर्भित गरिएको छ। यसरी विनिर्मित रूपमा विषयवस्तुलाई प्रस्तुत गर्ने सन्दर्भमा यस उपन्यासमा मूलतः पितृसत्तात्मक समाजमा नारीहरूले भोग्नुपरेका समस्यालाई प्रतिबिम्बन गर्न खोजिएको पाइन्छ । यस सन्दर्भमा यस कृतिमा नारी पात्रहरूको प्रतिनिधित्व के कसरी गरिएको छ भन्ने कुरालाई यस लेखमा विवेच्य विषय बनाइएको छ ।

प्रस्तुत लेख धरावासीको राधा उपन्यासमा नारी पात्रलाई कुन रूपमा प्रतिनिधित्व गराइएको छ भन्ने समस्यामा केन्द्रित छ। यस क्रममा उपन्यासमा प्रयोग भएका नारी चरित्रको मात्र अध्ययन गरी उनीहरूको प्रतिनिधित्वको अवस्थाको विश्लेषणलाई मुख्य शोध्य समस्याका रूपमा लिई कृतिको सूक्ष्म पठनद्वारा समस्याको निरूपण गरिएको छ। यस तात्पर्यमा राधा उपन्यासमा प्रयुक्त पात्रहरूको प्रतिनिधित्व र तिनको अवस्थाको विश्लेषण गर्ने कामलाई यस लेखको उद्देश्य बनाइएको छ । यस कृतिमा लैङ्गिक विषयसँग सम्बन्धित अन्य धेरै पक्षहरू रहे पनि यो लेख नारी समस्या र नारी पात्रको प्रतिनिधित्व अध्ययनमा मात्र सीमित रहेको छ ।

## अध्ययन विधि

प्रस्तुत लेखमा लैङ्गिक प्रतिनिधित्वसँग सम्बन्धित समालोचना सिद्धान्तलाई तथ्य विश्लेषणको मुख्य आधार बनाइएको छ । यसका लागि प्रतिनिधित्वका बारेमा नेपालीमा चर्चा भएका प्राथमिक तथा द्वितीयक स्रोतका सैद्धान्तिक सामग्रीलाई सैद्धान्तिक पर्याधारका रूपमा लिइएको छ। यस अध्ययनमा धरावासीको राधा उपन्यासलाई प्राथमिक स्रोतका सामग्रीका रूपमा र यससम्बन्धी व्याख्या भएका कृति तथा लेखहरूलाई द्वितीयक स्रोतका पुस्तकालयीय सामग्रीका रूपमा उपयोग गरिएको छ। यहाँ सामग्री विश्लेषणका क्रममा सूक्ष्म पठन तथा अर्थापनमा आधारित विश्लेषणात्मक विधिलाई अवलम्बन गरिएको छ । तथ्यहरूको पठन तथा अर्थापन गरी गुणात्मक विश्लेषणका माध्यमबाट निष्कर्षमा पुगिएको हुनाले यो अध्ययन पूर्ण रूपमा गुणात्मक अनुसन्धान ढाँचामा आधारित छ ।

## सैद्धान्तिक पर्याधार

राधा उपन्यासमा नारीहरूको उपस्थितिलाई कसरी प्रस्तुत गरिएको छ भन्ने तथ्यको अध्ययनका लागि यसमा सांस्कृतिक अध्ययनमा आधारित प्रतिनिधित्वसम्बन्धी सिद्धान्तलाई सैद्धान्तिक पर्याधार बनाइएको

छ। सांस्कृतिक अध्ययनमा मनुष्यनिर्मित भौतिक तथा अभौतिक दुवै कुराहरूको अध्ययन गरिन्छ। संस्कृति शब्दले मान्छेका यावत् आचार विचार तथा व्यवहारलाई समेट्ने भएकाले यसको क्षेत्र अत्यन्त व्यापक रहेको छ। यसले कुनै पनि समाजले निर्माण गरेका सबै किसिमका सांस्कृतिक विषयलाई अध्ययनको विषय बनाएको पाइन्छ। सांस्कृतिक अध्ययनका संस्थापक विलियम्सले संस्कृतिलाई मनुष्य जीवनको एक महत्त्वपूर्ण पक्षका रूपमा विश्लेषण गर्दै यसलाई मनुष्य समाजको निजता र विशिष्टता तथा उसको आत्मिक र बौद्धिक रूप र क्रियाकलापका रूपमा चिनाउँदै समाज विकासलाई प्रभावित पार्ने तत्त्वका रूपमा व्याख्या गरेका छन् (गिरी, २०७४, पृ. २२७)। यसरी सांस्कृतिक अध्ययनको क्षेत्र मानव जीवनलाई प्रभाव पार्ने सबै विषयसँग जोडिएको पाइन्छ। आधुनिकता, उत्तरआधुनिकता, उत्तरऔपनिवेशिकता, भूमण्डलीकरण, भूमण्डलीय संस्कृति, पहिचान, प्रतिनिधित्व, जातीयता, लैङ्गिकता, विचारधारा, राष्ट्र तथा राज्य, सांस्कृतिक राजनीति, सांस्कृतिक नीति, लोकप्रिय संस्कृति, फेसन, उपभोग, साइबर कल्चर, मिडिया अध्ययन, टेलिभिजन, पाठ, दर्शक, डिजिटल मिडिया संस्कृति, वर्णसङ्कर संस्कृति, सांस्कृतिक परिवर्तन आदिलाई सांस्कृतिक अध्ययनका क्षेत्र मान्दछन् (सुवेदी (२०७३, पृ. २२८)। त्यस्तै जातीयता, लैङ्गिकता, समलैङ्गिकता, सन्दिग्धता, अल्पसङ्ख्यकता, रङ्ग, परिचय, प्रतिनिधित्व, उपेक्षा, कुसङ्केतन, यौन प्रयोजनमा अनुबन्धित पुरुष अर्थात् रखौटो, कोख अनुबन्धित नारी, राज्य र शक्ति जस्ता कुरालाई सांस्कृतिक अध्ययनका क्षेत्र मान्दछन्। यसरी हेर्दा लैङ्गिकता, नारी तथा नारी प्रतिनिधित्वले पनि सांस्कृतिक अध्ययनका क्षेत्रमा महत्त्वपूर्ण विषयका रूपमा आफूलाई उभ्याएको देखिन्छ। प्रस्तुत अध्ययन चाहिँ लैङ्गिक चेतनाभित्रको नारीवादसँग सम्बद्ध नारी प्रतिनिधित्वमा आधारित रहेकाले यहाँ यसका आधारभूत पक्षलाई केलाउनु सान्दर्भिक हुन्छ।

प्रतिनिधित्व उपस्थितिसँग सम्बन्धित मान्यता हो। यसले कुनै पनि रचनामा सम्बन्धित पक्षलाई कुन रूपमा चिनाइएको छ भन्ने कुराको अध्ययन गर्दछ। साहित्यमा विविध विषयसन्दर्भलाई प्रस्तुत गरिएको हुन्छ। यस्ता विषयहरू अध्ययन गर्ने पनि निश्चित सिद्धान्तहरू रहेका हुन्छन्। कृतिमा नारी प्रतिनिधित्वको विषयलाई नारीवाद साहित्य सिद्धान्तले विश्लेषण गर्दछ। नारी केन्द्रित अध्ययनलाई अहिले सांस्कृतिक अध्ययनको उर्वर क्षेत्रका रूपमा लिन थालिएको छ। सिद्धान्ततः यो नारीवादसँग जोडिएको विषय हो। यो नारीवाद नारी राजनीति वा लैङ्गिक राजनीतिका सन्दर्भबाट विकसित भएको चिन्तन हो। यसले नारी अधिकारसँग सम्बन्धित मान्यताहरूलाई बढी महत्त्वका साथ उठाउने गर्दछ र नारीमाथि भएका र हुने गरेका सबै किसिमका अन्याय, अत्याचारहरूको विरोध गर्दछ। स्वास्नी मान्छेका स्वतन्त्रताका निम्ति उठेका सबै थरी विचारहरूलाई यसले ओगट्दछ। स्त्री जातिलाई पूर्ण नागरिकता प्राप्त हुनुपर्छ अर्थात् सामाजिक, राजनीतिक र आर्थिक तहहरूमा लोग्ने मान्छेको जत्तिकै अधिकार प्राप्त हुनुपर्छ भन्ने दृष्टिकोण स्त्रीवाद वा नारीवादमा अगाडि सारिएको छ (गौतम, २०५०)। खास गरी नारीवादले स्त्रीस्वतन्त्रतामा जोड दिएको छ। नरकै स्थानमा नारीलाई पुऱ्याउनुपर्ने नारीलाई नरभन्दा माथिल्लो दर्जामा पुऱ्याउनुपर्ने, नरनिरपेक्ष भएर नारीले बाँच्नुपर्ने वा परम्परादेखि नरको दमनमा परेकी नारीले अस्मिताका लागि पुरुषदमनको विरोध गर्दै सङ्घर्ष गर्नुपर्ने जस्ता विचारहरू नारीवादमा उठेका छन्। नारी प्रतिनिधित्वको अध्ययनलाई चाहिँ सांस्कृतिक अध्ययनको क्षेत्रभित्र राख्ने गरिएको छ।

सांस्कृतिक अध्ययनको महत्त्वपूर्ण अवधारणाका रूपमा रहेको प्रतिनिधित्वले साहित्यमा विभिन्न सामाजिक श्रेणीहरूले कुन रूपमा प्रतिनिधित्व पाएका छन् भन्ने कुराको खोजका सन्दर्भमा नारी, दलित, सीमान्तीकृत आदिको प्रतिनिधित्व पाठमा कसरी भएको छ भन्ने कुरालाई उनीहरूको निश्चित सन्दर्भसहित विश्लेषण गर्दछ (गिरी, २०७४, पृ. २४९) । पौडेल (सन् २०२३, पृ.३) ले चैतन्य (२०७०, पृ. १५९), गिरी (२०७०, पृ. २८), भट्टराई (२०७०, पृ. ३३६) र पौडेल (सन् २०२०, पृ. १३४) समेतलाई उद्धृत गर्दै प्रतिनिधित्वले साहित्यमा कुनै वर्ग, लिङ्ग वा जातिको उपस्थितिको अध्ययन गर्ने, कुनै वस्तु वा घटनालाई प्रतिनिधित्व वा उपस्थित तुल्याई प्रतिक्रिया गर्ने, विभिन्न सामाजिक श्रेणीहरूले त्यसमा कुन रूपमा प्रतिनिधित्व पाएका छन् भन्ने कुराको अध्ययन गर्ने, कृतिमा समाजको संरचना कसरी भएको छ भन्ने कुराको विश्लेषण गर्ने तथा साहित्यिक कृतिमा प्रयुक्त पात्रले लैङ्गिक, वर्गीय, जातीय, क्षेत्रीय वा खास विचारधाराको कसरी प्रतिनिधित्व गरेको छ र उसको प्रतिनिधित्वको तह वा लिङ्ग कुन प्रकारको वैचारिक पक्षबाट निर्दिष्ट भएको छ भन्ने कुराको खोजी गर्ने धारणा राखेकी छन् (अधिकारी थापा, सन् २०२१, पृ.२८७) । साहित्यमा पात्रको लैङ्गिक, वर्गीय, जातीय, क्षेत्रीय आदिका साथै विचारधारात्मक उपस्थिति नै प्रतिनिधित्व हो भन्ने धराणा राख्दै यसकै माध्यमबाट व्यक्तिको पहिचान स्थापित हुने दृष्टिकोण राख्तछिन् । यी विविध सन्दर्भलाई आधार बनाउँदा प्रस्तुत अध्ययनमा सांस्कृतिक अध्यनमा चर्चा भएको तथा नारीवादी साहित्य सिद्धान्तले उठाएको नारी प्रतिनिधित्वसम्बन्धी मान्यतालाई आधार बनाई राधा उपन्यासमा स्त्री वा नारी प्रतिनिधित्वको अवस्थालाई केलाइएको छ । यस क्रममा नारी प्रतिनिधित्वले कृतिमा कस्तो सामाजिक सम्बन्धलाई देखाएको छ, प्रभुत्वशाली वर्गका अधीनमा नारीहरूले कस्तो प्रताडनालाई भोग्न बाध्य हुनुपरेको छ तथा प्रभुत्व वर्गका विरुद्ध नारीहरूले के कसरी प्रतिरोध गर्दै नयाँ संस्कृतिको निर्माण गर्न खोजेका छन् भन्ने कुरालाई यहाँ विश्लेषण गरिएको छ ।

## विमर्श/विश्लेषण

राधा राधा र कृष्णसँग सम्बन्धित पौराणिक मिथकको विनिर्माण गरी तयार पारिएको उपन्यास हो । उपन्यासमा नारी र पुरुषका आआफ्नै किसिमका विचार र व्यवहारहरूलाई प्रस्तुत गरिएको छ । उपन्यासमा नारी र पुरुषका बीचको लैङ्गिक द्वन्द्व, नारी अस्मिताका लागि नारीद्वारा गरिएको सङ्घर्ष, नारीमाथि हुने पुरुष अत्याचारलाई अभिव्यक्त गरिएको छ । यहाँ प्रस्तुत उपन्यासमा नारी प्रतिनिधित्वलाई के कसरी प्रस्तुत गरिएको छ भन्ने कुराको खोजी गरिएको छ ।

## नारी प्रतिनिधित्व

राधा उपन्यासमा पितृसत्ताका प्रताडनामा रहेका नारीहरूलाई प्रतिनिधित्व गराइएको देखिन्छ । उपन्यासका प्रायः सबै पुरुष पात्रहरू नारी दमनप्रति क्रियाशील देखिन्छन् । उपन्यासमा कृष्णलाई नारी अस्मितामाथि खेलबाड गर्ने र नारीलाई केवल भोग्या एवम् निरीह ठान्ने पात्रका रूपमा प्रतिनिधित्व गराइएको छ । नारीहरू पतिव्रता हुनुपर्छ भन्ने मान्यतामा ऊ दृढ देखिन्छ तर आफूले सोह्र हजार एक सय आठ नारीहरूलाई भोग गरेको छ । यतिले सन्तुष्ट नभएर द्रौपदीप्रति पनि उसको आशक्ति बढेको छ । कृष्णको "यौनसुखका लागि पत्नीको नाम पाएका यी सबै नारीहरू यौनदास" (पृ. १६६) का रूपमा जीवन बिताउन विवश देखिन्छन् । पुरुष दमनको पराकाष्ठालाई उपन्यासका विभिन्न सन्दर्भमा उठाइएको छ ।

एकै ठाउँमा सुशीलाका आँखा छलेर राधालाई र राधाका आँखा छलेर सुशीलालाई कृष्ण भोग गर्दछ। केही समयसम्म अनेकौं बहाना बनाएर राधादेखि टाढा रहेर अन्य नारी सङ्कलनमा जुटेको कृष्ण अन्त्यमा पुनः कल, छल र बलद्वारा राधाको स्वतन्त्र जीवनमा बाधा व्यवधान खडा गर्दछ। नारीप्रतिको उसको वासनाले गर्दा धेरै गोपिनीहरूले बुढीकन्या बन्नुपरेको छ। कृष्णले सामाज्य विस्तार गर्ने कारणकै रूपमा नारीहरू देखिएका छन्। शत्रु नाश गरी राज्यमा सुव्यवस्था स्थापना गर्नमा भन्दा शत्रुहरूमाथि आक्रमण गरी उनीहरूका कन्या ग्रहण गर्नमा कृष्ण तत्पर भएको छ। कृष्णको यस कार्यबाट कुनै पनि नारी सन्तुष्ट छैनन्। यसकारण उनका पत्नीहरूले उनीसँग एक रात सहवास गर्न पनि चवालिस वर्षको पालो पर्खनुपर्छ (पृ.२१९)। यस तथ्यले प्रस्तुत उपन्यासमा पितृसत्ताको सम्प्रभुत्वबाट प्रताडित रहेका नारीहरूकै प्रतिनिधित्वलाई बढी जोड दिएको पाइन्छ।

राधा उपन्यासमा एकनंशा, द्रौपदी, कुन्ती, गान्धारी, माद्रीलगायतका सबै स्त्री चरित्रहरूलाई पुरुष दमन सहन बाध्य पात्रका रूपमा प्रतिनिधित्व गराइएको छ। जन्मँदै शत्रुका हातमा पुऱ्याइएकी एकनंशा आफूभन्दा कैयौं वर्ष जेठो दुर्वासासँग कृष्णकै कारणबाट विवाहित हुन् बाध्य छिन्। घिउ खन्याएर कन्दली जस्ती पत्नीलाई मार्ने दुर्वासाको व्यवहारबाट उनी संत्रस्त एवम् भयभीत छिन्। अत्यन्त रूपवती, ज्ञानी, तार्किक विदुषी कन्दलीमाथि भएको दमन एवं शोषणबाट (पृ. २२१) उनी हदैसम्म पुरुषविरोधी भएकी छन्। उनको यो विरोध सिङ्गो पितृसत्ताको सम्प्रभुत्वमाथिको प्रतिरोध पनि हो। यसरी उपन्यासमा एकनंशालाई उमेरजन्य अनमेल विवाहका चपेटामा परेकी नारीको प्रतिनिधिका रूपमा र कन्दलीलाई पुरुष अहम् तथा आवेगका कारण मृत्यु जस्तो भयानक शोषणलाई भोग्न बाध्य चरित्रको प्रतिनिधिका रूपमा प्रस्तुत गरिएको देखिन्छ।

द्रौपदी उपहारका रूपमा ल्याई सबैद्वारा बाँडेर उपभोग्य बनाइएकी साझा उपभोग्य वस्तुका रूपमा उपन्यासमा देखापरेकी छिन्। उनलाई भोग्या वस्तुका रूपमा उपन्यसमा प्रतिनिधित्व गराइएको छ। अर्जुनले धनुषमा ताँदो चढाएर माछाको आँखामा वाण हानी जितिएकी द्रौपदीले पाँचै पाण्डवकी साझा भोग्या भएर जीवन निर्वाह गर्नुपरेको छ। यति मात्र कहाँ हो र उनी युधिष्ठिरद्वारा जुवामा थापिएकी छन् र पराजित भएपछि त्यत्रा सभामा निर्वस्त्र पारिएकी छन्। एउटा कृष्णले असङ्ख्य नारीको भोग गर्नु र पाँच पाँच पतिद्वारा भोगिएर जीवन बिताउनु द्रौपदीको विवशता (पृ. २२९) र नारीमाथिको शोषणको पराकाष्ठा हो। उपन्यासमा उनलाई पुरुषहरूद्वारा साझा वस्तुका रूपमा उपभोग्या बनाइएकी नारी चरित्रको प्रतिनिधिका रूपमा उभ्याइएको छ। सेर्पा जातिमा अहिले पनि एउटै नारीलाई धेरै जना दाजुभाइले स्वास्नीका रूपमा भोग गरिरहेको सन्दर्भलाई पनि यस उपन्यसमा प्रस्तुत गरिएको पाइन्छ।

कुन्ती आफू रूपवती, ज्ञानी र शक्तिशाली नारी भएर पनि रोगी पाण्डवसँग विवाह गर्न बाध्य बनाइएकी चरित्र हुन्। सूर्यसँगको सहबासबाट गर्भवती भएकी कुन्तीले सामाजिक आडम्बरबाट प्रताडित भएर आफ्नो प्रथम सन्तानको मुखै हेर्न पाएकी छैनन्। यही दोषमा उनले दीर्घ रोगी पाण्डुसँग विवाह गर्न बाध्य हुनुपरेको छ, जसबाट उनले कुनै सन्तुष्टि पाउन सकेकी छैनन्। नामर्द लोग्ने पाण्डुकै सल्लाहबाट उनले इन्द्र र वायुका सम्पर्कबाट सन्तान जन्माउन बाध्य हुनुपरेको छ। नारीलाई पुरुषहरूको भोगविलास र सन्तान जन्माइदिने प्रसाधनका रूपमा नै यहाँ कुन्तीको प्रतिनिधित्व गराइएको प्रस्ट देखिन्छ।

उपन्यासमा नारीहरू पुरुषहरूको वासना तृप्तिका लागि निर्माण गरिएका साधन हुन् भन्ने परम्परावादी सोचलाई कुन्तीका माध्यमबाट प्रस्तुत गरिएको छ ।

गान्धारी अन्धो धृतराष्ट्रसँग विवाह गर्न बाध्य बनाइएकी चरित्र हुन् । छोरीको भावनाको कदर नगरी हस्तीनापुरका राजा भएकै कारण उनका बाबुआमाले उनलाई धृतराष्ट्रको जिम्मा लगाएका छन् । अन्धाकै पत्नी भएका कारण निराशावादी भई उनले आँखामा पट्टी बाँधेर ज्योति हटाएकी छन् । सदा डोऱ्याएर पतिलाई पलङमा लैजानुपर्ने र पतिको हात समातेर आफ्नो शरीरभरि पुऱ्याइदिनुपर्ने (पृ.२३४) उनको पीडा कम कष्टदायक छैन । उपन्यासमा राजा वा शक्तिसम्पन्न व्यक्ति भयो भने परिवारले छोरीका इच्छा आकाङ्क्षाको ख्यालै नगरी उनीहरूलाई सुम्पन्छन् भन्ने वस्तु यथार्थलाई प्रस्तुत गरी आफ्ना इच्छा आकाङ्क्षालाई तिलाञ्जलि दिएर पुरुषदासी भएर जीवन बिताउन बाध्य चरित्रका रूपमा गान्धारीको प्रतिनिधित्व गराइएको छ ।

माद्री यस उपन्यासकी अर्की पुरुष शोषणको सिकार भएकी प्रतिनिधि पात्र हुन् । पति असक्षम भएका कारण अरू नै पुरुषसँग सहवास गरेर सन्तान जन्माइदिन बाध्य चरित्रका रूपमा उनलाई उपन्यासमा प्रस्तुत गरिएको छ । उनी कुन्तीबाट सन्तान नजन्माइएका नाममा पाण्डुद्वारा कान्छी स्वास्नीका रूपमा विवाह गरिएकी नारी पात्र हुन् । उनले पनि अश्विनीकुमारद्वारा गर्भवती भएर सन्तान जन्माउन बाध्य हुनुपरेको छ । पुरुषका लागि सन्तान जन्माइदिने यन्त्रका रूपमा उनको प्रतिनिधित्व उपन्यासमा भएको पाइन्छ ।

पिल्ली उपन्यासकी अर्की पुरुषप्रधान समाजको मानसिकताबाट प्रभावित भएकी चरित्र हुन् । उपन्यासकारले उनीमाथि हदैसम्मको अन्याय भएको देखाएका छन् । पिल्ली भौतिक सुखकै लागि बुढी सासूलाई छोडेर राधाका पछि लागेकी होइनन् । उनलाई सेर्पा युवकसँग पनि जीवन व्यतीत गर्न दिइएको छैन । उनलाई द्वारिकामा ल्याएर दासी बनाइएको छ । सुशीला पनि यस्तै न्याय नपाएकी चरित्र हुन् । युद्धमा साहसपूर्वक लड्ने सुशीलाले सहादत प्राप्त गरेपछि उनको वलिदानको कृष्णले खासै मूल्याङ्कन गरेका छैनन् । उपन्यासमा यी दुवै चरित्रलाई पितृसत्तात्मक समाजमा मूल्यहीन जीवन बाँच्न तथा नारीमूल्य र भूमिकाको अवमूल्यन गराइएका नारी चरित्रका रूपमा प्रतिनिधित्व गराइएको छ ।

राधा उपन्यासका सबै पुरुषहरू पुरुषसत्तात्मक व्यवस्थाका प्रतिनिधि चरित्रका रूपमा उभ्याइएका कारण उनीहरूलाई सामाजिक सम्प्रभुत्वका सञ्चालकका रूपमा पहिचान गराइएको छ भने स्त्री चरित्रहरूलाई चाहिँ पितृसत्तात्मक समाजमा शासित तथा पीडित चरित्रका रूपमा प्रतिनिधित्व गराइएको पाइन्छ । यहाँ सबै पुरुष चरित्रले नारीलाई भोग्या बनाएका छन् । नारीहरू पनि पुरुष जतिकै सक्षम हुन्छन् भन्ने कुरा राधा र सुशीला जस्ता चरित्रले प्रमाणित गरिदिए पनि पुरुषहरू नारीलाई उपभोग्य वस्तुका रूपमा मात्र हेर्दछन् भन्ने दृष्टिकोणलाई उपन्यासमा अगाडि सारिएको छ ।

## पुरुष सम्प्रभुत्वको प्रतिरोध तथा विद्रोह

राधा उपन्यासमा प्रयुक्त नारीपात्रहरू पुरुषशोषणद्वारा प्रताडित छन् । उपन्यासका सबै पात्रले पुरुषशोषणको विरोध प्रत्यक्ष अप्रत्यक्ष रूपमा गरे पनि विद्रोहका स्थितिमा भने केही नारी चरित्रहरू मात्र

उत्रिएका देखिन्छन् । धेरैजसो पात्रहरू विद्रोह गर्ने सामर्थ्य जुटाउन नसकेर परम्परागत पुरुषशोषणलाई सहन अभिशप्त देखिन्छन् । कुन्ती, माद्री, द्रौपदी, गान्धारी, पिल्ली उपन्यासका यस्तै चरित्र हुन् तर उपन्यासका केही चत्रिरहरू भने पुरुषदमनको विरोध गर्दै विद्रोहमा उत्रिएका देखिन्छन् ।

राधा यस उपन्यासमा पुरषदमनको विरोध एवम् विद्रोहमा उपस्थित भएर पनि अन्त्यमा पुरुषप्राप्तिको लिप्सामा नै फँसेकी चरित्र हुन् । उनी पुरुषशोषणबाट मुक्त हुन खोजेर पनि मुक्त हुन नसकेकी चरित्रका रूपमा उपन्यासमा देखापरेकी छन् । उनका सारा क्रियाकलापहरू कृष्णलाई प्राप्त गर्न नसकेको हुनाले त्यसैका क्षतिपूर्तिमा केन्द्रित रहेका छन् तर यतिमै राधाको चरित्रलाई सीमित गर्ने स्थिति भने देखिँदैन । उनी पुरुषशोषणको विरोधमा समेत उत्रिएकी छिन् । कुनै पनि अवस्थामा उनी कृष्णका अगाडि निहुरिएर समर्पित भएकी छैनन् र पुरुषदमनको विरोधमा नै जीवनलाई फरक धारबाट बगाउन उद्यत छिन् । उनका चरित्रका माध्यमबाट उपन्यासमा नारीहरू पुरुषले जत्तिकै बौद्धिक कार्य गर्न सक्षम हुन्छन् भन्ने कुरालाई देखाउन खोजिएको छ । उनलाई उपन्यासमा केही मात्रामा भए पनि पितृसत्ताका विरुद्धमा विद्रोह गर्ने चरित्रका रूपमा प्रतिनिधित्व गराइएको पाइन्छ ।

कृष्णको सौन्दर्य र व्यवहारबाट प्रभावित भएकी राधा अरू सँगीसँग कृष्णले मित्रताको भाव राख्ने तर आफूसँग प्रेमिकाको भाव राख्ने ठानेर कृष्णप्रति समर्पित भएकी छन् । आफ्ना चाहनाका पूर्तिका लागि उनले ठुलै चुनौती बेहोरेकी छन् । घरबाट भागेर कृष्णसँग साथीहरूसहित वनभोजमा सहभागी हुनु तथा कृष्णसँग एकान्त विहार गर्नु उनका यौवनसुलभ चाहनाहरू हुन् । यसमा उनको चरित्रमा खोट देखाउनु त्यति आवश्यक देखिँदैन तर उनी कृष्णको षड्यन्त्रमा भने फँसेकी देखिन्छिन् । जब कंशको अत्याचारको अन्त्यका लागि कृष्ण जङ्गलमा शक्ति सञ्चयका लागि भूमिगत हुन्छन् र व्रजका सारा युवायुवतीहरू जङ्गल पसेका छन् । त्यस समयमा राधाले नारीहरू पनि राज्यव्यवस्था सञ्चालनका लागि पुरुष जत्तिकै सक्षम हुन्छन् भन्ने मान्यतालाई स्थापित गरेकै छिन् । पिता राज्य चलाउन असक्षम भएपछि उनले नै व्रजको शासन व्यवस्था चलाएकी छिन् । यहाँ उपन्यासकारले नारीलाई नरकै स्थानमा उभ्याउने प्रयास गरेको देखिन्छ । जब कृष्णको समूहले अत्याचारी शासक कंशको विनाश गर्दछ, त्यसपछि शासन व्यवस्था आफ्नो हातमा आएपछि राधालाई जीवनसँगिनी बनाउनका सट्टा कृष्ण अरू नारी सङ्ग्रह गर्नतिर लाग्छन् । राधालाई जतिसुकै आश्वासन दिए पनि राधाका लागि कृष्ण व्रज नआएपछि राधामा एक किसिमको विद्रोह आएको छ । कृष्णले एकपछि अर्को नारीको सङ्ग्रह गरेपछि राधाको सोचाइमा परिवर्तन आउँछ । उनी पुरुषले बनाएका सारा नियमको विरुद्धमा उत्रिन्छिन् । नारीले एउटा पुरुषमा आफ्ना आदर्श र इच्छाहरू सीमित गर्नुपर्ने तर पुरुषले अनेक नारीको भोग गर्न सक्ने नियमलाई (पृ. १४८) राधाले विरोध गरेकी छन् । नारी शरीरभित्रको मन, भाव, विचार, चेतना, सोच कुनै कुराको महत्त्व नभएको पुरुषका लागि उनीहरूको शरीर चुसेर छाडन् मिल्ने विशिष्ट उपभोग्य वस्तु रहेको (पृ. १७३) राधाको विचारले पुरुषशोषणको पराकाष्ठालाई अभिव्यक्त गर्दछ । त्यसपछि उनलाई संसारमा सबैभन्दा बढी अत्याचार नारीले सहेको, नारीलाई पुरुषले केवल भोग्य मात्र ठानेको, दाजु, बाबु, छोरा कोही पनि नारीका संरक्षक नभई भोक्ता मात्र भएका र तिनका नजरमा प्रत्येक नारी भोग्य सामग्री मात्र भएको (पृ. १६४) भन्ने लाग्दछ । त्यसपछि कृष्णको प्रतीक्षा नगरी उनी वैष्णवी वा योगिनी भएर यात्रामा निस्किन्छन् तर जहाँ

गए पनि उनी कृष्णलाई दिमागबाट निस्कन दिन्नन् । यसैले उनी अन्त्यमा कृष्णलाई भेट्ने इच्छाले कुरुक्षेत्रतिर नै लागिन्छन् । आफूलगायत सारा नारीहरूलाई भोग्य बनाउने कृष्णलाई तिरस्कार गर्न सकेकी भए राधालाई महान् चरित्रका रूपमा सिद्ध गर्न सकिन्थ्यो । नारीहरू पुरुषसँग सहकार्य नगरी जीवन व्यतीत गर्न सक्तैनन् भन्ने उपन्यासकारको मान्यताकै कारण राधाले यहाँ कृष्णका लागि सती जानु परेको छ । यसर्थ उग्र नारीवादी चिन्तनका दृष्टिले राधा असफल चरित्रका रूपमा यस उपन्यासमा देखापरेकी छन् ।

एकनंशा यस उपन्यासकी नारीवादी चिन्तनका दृष्टिले सर्वाधिक सफल चरित्र हुन् । कृष्णको पुरुषवादी सोचाइ र दुर्वासाको पुरुषदमनद्वारा सताइएकी एकानंशाका विचारहरू ज्यादै उच्च र उदात्त देखिन्छन् । पुरुषको समाजमा नारीको कुनै मूल्य नहुने, पुरुषले नारीलाई उपभोगको वस्तु वा पदार्थ ठान्ने, पुरुषले नारीलाई नर्तकी, नगरवधू, पत्नी, प्रेमिका बनाएर जसरी भए पनि आफ्नो स्वार्थमा उपभोग गर्ने (पृ. २१८) नारीलाई पुरुषले अन्यन्तै कमजोर पात्र ठान्ने, यो सभ्यताले नारीलाई बाँच्न, रोज्न, बढ्न र हुर्कन नदिने, छोरीहरू जन्मदेखि नै परित्यक्ता हुने (पृ.२२१) दृष्टिकोण एकनंशाले अगाडि सारेकी छन् । एकनंशाकै कारण राधाको चरित्र केही मात्रामा उज्यालिन सफल भएको छ । समाजले समेत छोरालाई वीर ठान्ने तर छोरीलाई दासी, भोग्या, सन्तान जन्माइदिने प्राविधिक यन्त्र ठान्ने (पृ. २२०) एकनंशाको दृष्टिकोणमा नारीवादी चिन्तनको आदर्श रूप प्रतिबिम्बित भएको पाइन्छ । उनले दुर्वासालाई तिरस्कार गरेर हिँड्न नसक्नु फरक कुरा हो तर पुरुषप्रतिको उसको दृष्टिकोण उग्र देखिन्छ । व्यवहारमा नभए पनि विचारमा उनमा उग्र नारीवादी चिन्तन रहेको पाइन्छ । यस आधारमा उनी पितृसत्तात्मक सम्प्रभुत्वमाथि प्रतिरोध गर्ने चरित्रको प्रतिनिधिका रूपमा उपन्यसमा देखापरेकी छन् ।

## पुरुषसम्प्रभुत्वको बाध्यात्मक स्वीकृति

राधा उपन्यासमा परम्परागत मान्यताका आडमा पुरुषहरूका प्रत्यक्ष एवम् अप्रत्यक्ष शोषणलाई विनाविरोध स्वीकार गर्नुपरेको बाध्यात्मक स्थितिलाई प्रस्तुत गरी नारीलाई पुरुषहरूको शोषणलाई सहनबाध्य चरित्रका प्रतिनिधिका रूपमा समेत उभ्याइएको छ । राधाकी आमाको कथनबाट नारीहरूले पितृसतात्मक समाजका मान्यताहरूलाई बाध्यात्मक रूपमा स्वीकार गर्नुपरेको यथार्थको जानकारी पाइन्छ । नारीहरूलाई स्वतन्त्र रूपमा जीवनसाथी छान्ने तथा अविभावकहरूको जस्तासुकै नियमको विरोध गर्ने अधिकार छैन । यति मात्र होइन नारीहरूले आफ्ना मनका कुराहरू धक फुकाएर भन्न सक्ने स्थिति पनि परम्परागत समाजमा रहेको देखिँदैन । "सबै छोरीहरूले तिमीले जस्तै धक नमानी आफ्ना कुरा भन्न सके कति राम्रो हुन्थ्यो । तिम्रो उमेरमा मैले पनि यस्तै निर्णय लिन सकेकी भए कस्तो हुन्थ्यो होला (पृ. ५५) भन्ने कलावतीका कथनमा पुरुषप्रधान समाजमा नारीहरूले बाध्यात्मक रूपमा पुरुषदमनलाई स्वीकार गर्नुपर्ने स्थितिको जानकारी पाइन्छ । नारीहरूले पतिका अघि हट लिन नसक्ने र नारीको जीवन आफ्नो घरभित्र पनि निजी नहुने (पृ. ५६) कलावतीका चिन्तनमा पुरुषशोषणको मौन स्वीकृतिको अभिव्यक्ति पाइन्छ । यसबाट यहाँ कलावतीलाई पितृसत्तात्मक समाजमा पुरुषहरू शोषणलाई सहन बाध्य चरित्रका रूपमा प्रतिनिधित्व गराइएको पाइन्छ ।

यशोदा प्रस्तुत उपन्यासकी अर्की पितृसत्तात्मक समाजको मूल्य मान्यतालाई बाध्यात्मक रूपमा स्वीकार गर्ने पात्र हुन् । बाबु, आमा र कृष्णको रूप वा वर्णलाई लिएर समाजले उनका बारेमा अनेक प्रश्न उठाउँदा पनि यशोदा मौन नै देखिन्छिन् । जीवनका सारा सुखदुःखमा साथ दिने आफ्नो लोग्ने नन्द रायले समेत थाङ्नामा सुताएर नौ महिना गर्भमा बोकेकी आफ्नी छोरीलाई एकपल्ट पनि नजर लगाउन नदिई मृत्युका मुखमा हालिदिएको छ । यति भएर पनि नारीहरूले जस्तासुकै कुराहरू पनि सहनुपर्ने, समाजले दिएका दुःखकष्ट एवम् आरोपरूपी आँधी र असिनालाई रूख जस्तै एकै ठाउँ उभिएर सहनुपर्ने (पृ. ७३) यशोदाका विचारहरूले पुरुषको शोषणलाई निरीह भएर नारीले स्वीकार गर्नुपर्ने बाध्यात्मक स्थितिको सङ्केत गरेको छ । पुरुषहरूले जस्तोसुकै अपराध गरे पनि नारीहरूले उनीहरूको अभावमा संसार नचल्ने ठानेर पुरुषहरूलाई परमेश्वर मान्नुपर्ने, पुरुषहरूका विपक्षमा कुनै धारणा राख्न नहुने (पृ. १४८) मानसिकताबाट यशोदा कहिल्यै मुक्त हुन सकेकी छैनन् । माद्री, कुन्ती, द्रौपदीमा पनि यही किसिमको चिन्तन आंशिक रूपमा देख्न सकिन्छ । यी सन्दर्भहरूबाट उपन्यासकारले प्रस्तुत उपन्यासमा नारीहरूले पुरुषबाट हुने गरेका शोषणहरूलाई बाध्यात्मक रूपमा स्वीकार गर्नुपर्ने यथार्थलाई सङ्केत गरी यी चरित्रहरूलाई पुरुषशोषण तथा सम्प्रभुत्वलाई निरीह भएर सहन बाध्य पात्रका रूपमा प्रतिनिधित्व गराइएको पाइन्छ ।

## निष्कर्ष

राधालाई मुख्य पात्रका रूपमा खडा गरी उसकै आधारमा नामकरण गरिएको प्रस्तुत उपन्यास नेपाली उपन्यास परम्पराकै विशिष्ट नारीवादी चिन्तनमा आधारित कृति हो । यसमा एकातिर पुरुषप्रतिको असमर्पण भावका कारण पुरुषका सान्निध्यबाट अगल हुन नसकेकी नारीको अवस्थालाई प्रस्तुत गरिएको छ भने अर्कातिर पितृसत्तात्मक समाजका प्रताडनालाई बाध्यातावश स्वीकार गर्न बाध्य भएका नारीहरूको प्रतिनिधित्व गराइएको छ । पुरुषहरूले यौनचाहना पूर्तिका लागि नारीसङ्ग्रह गर्ने र नारीहरूको इच्छा आकाङ्क्षाको ख्याल नगर्ने समाजिक मान्यतालाई मिथकीय रूपमा चित्रण गरिएको प्रस्तुत उपन्यासमा पुरुषहरूले नारीलाई उपभोग्य वस्तु वा यन्त्र बनाउने प्रवृत्तिप्रति आलोचनात्मक टिप्पणी गरिएको छ । यहाँ नारीलाई पुरुषहरूले अन्धकारपूर्ण स्थितिमा राख्ने प्रवृत्तिको विरोध गर्नाका साथै शासन व्यवस्थाका सञ्चालनमा वा युद्ध क्षेत्रमा नारीहरू पनि पुरुष जत्तिकै सक्षम हुन सक्छन् भन्ने कुराको सङ्केत गरिएको छ । पितृसत्तात्मक समाजका रूढिवादी मान्यताका कारण नारीहरूले जस्तोसुकै पुरुषलाई जीवनसाथी मान्नुपर्ने स्थितिप्रति टिप्पणी गरिएको यस कृतिमा पुरुषअभिमानका लागि नपुंसक लोग्नेहरूका पत्नीले अरूसँग सहवास गरेर भए पनि सन्तान जन्माइदिनुपर्ने अवस्थाप्रति व्यङ्ग्य गरिएको छ । निचोडमा राधा उपन्यासको केन्द्रीय सन्दर्भ नारीशोषण तथा दमनसँग जोडिएको छ । नारीमाथि हुने सबै किसिमका शोषणहरूलाई प्रस्तुत गरेर पनि उपन्यासले नारी विद्रोहलाई भन्दा नारीपुरुषको समभाव वा समतालाई प्रस्तुत गर्न खोजेको देखिन्छ । महाभारतीय स्रोतका पात्रहरूको प्रयोग गर्नाका साथै सोही विषयलाई उपस्थापन गरीकन पनि यहाँ नारी चरित्रहरू भूमिकाको भने विनिर्माण गरी पितृसत्तात्मक समाजमा पुरुष दमन तथा संप्रभुत्वलाई भोग्न अभिशप्त चरित्रका रूपमा यी नारी चरित्रको प्रतिनिधित्व गराइएको देखिन्छ ।

## सन्दर्भ सामग्रीसूची

अधिकारी थापा, सीता (२०५०), इस्मालीको बाटो कथामा प्रतिनिधित्व र पहिचान, *दृष्टिकोण* (VOL. 11(1), पृ.२८४(२९५, DOI: https://doi.org/10.3126/dristikon.v11i1.39170

गिरी, अमर (२०७४), *भूमण्डलीकरण र साहित्य,* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन ।

जीवन्त, जीवन (२०८१), कृष्ण धरावासीको औपन्यासिक यात्रा : आरोह अवरोह, *साहित्यपोस्ट, https://sahityapost.com/top-news/10879/*

धरावासी, कृष्ण (२०६२), *राधा,* ललितपुर : साझा प्रकाशन ।

पाण्डेय, ताराकान्त (२०७८), *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र* (दो.सं.), ललितपुर : साझा प्रकाशन ।

पौडेल, ईश्वरा (सन् २०२३), युद्ध कथामा पहिचान, प्रतिनिधित्व र प्रतिरोध चेतना, *बौद्धिक अभियान* (Vol.VIII, Issue 1, 2023, July), पृ.१(१२, DOI: https://doi.org/10.3126/ bdkan.v8i01.57781

बराल, ऋषिराज (२०५२), *मार्क्सवाद, र उत्तरआधुनिकतावाद,* विराटनगर : सविता बराल ।

बराल, ऋषिराज (२०५६), *उपन्यासको सौन्दर्यशास्त्र,* ललितपुर : साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०७३), *सांस्कृतिक अध्ययन र नेपाली साहित्य,* काठमाडौँ : पाठ्य सामग्री पसल ।